प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## प्राविधिक एस.एल.सी. तहको मौका परीक्षा सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७६।०७।२१)

यस परिषद्बाट सम्बन्धन/स्वीकृत प्राप्त गरी परिषद्को आंगिक, साझेदार, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) तथा निजि स्तरमा प्राविधिक एस.एल.सी. तहको विभिन्न कार्यक्रम संचालन गर्ने शिक्षण संस्थाहरुबाट पाठ्यक्रमले निर्धारण गरेको अवधिभित्र प्रशिक्षण पुरा गरी शैक्षिक शत्र २०७१/०७२ सम्म रजिष्ट्रेशन भएका मध्ये अनुत्तिर्ण प्रशिक्षार्थीहरुको २०७६ पौष/माघ महिनामा काठमाण्डौमा संचालन हुने मौका परीक्षामा सम्मिलित हुन सम्बन्धित प्रशिक्षार्थीहरुबाट परीक्षा आवेदन फाराम भराई यहि मिति २०७६ मंसिर ०५ गते भित्र नियमित शुल्क (प्रति आवेदन फाराम वापत (एक विषयको लागि) रु. २००।- (दुई सय) र प्रति थप विषय रु. १५०।- (एक सय पचास) तथा विलम्ब शुल्क परीक्षा सम्वन्धी विनियमावली २०७१ मा उल्लेख भए वमोजिम नियमित शूल्कको दोव्वर दस्तुर सहित २०७६ मंसिर १२ गतेभित्र तपशिलमा उल्लेखित शर्तको परीधिभित्र रहि परिषद् अन्तर्गतका प्रदेश कार्यालयहरुमा तोकिएको वैक खातामा रकम जम्मा गरेको भौचर सहित परीक्षा फाराम बुझाउन हुन सम्बन्धित शिक्षण संस्था एवं प्रशिक्षार्थीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तपशिलका शर्तहरू पूरा नभएका र तोकिएको समयभित्र फाराम नबुझाउने प्रशिक्षार्थीहरूलाई परीक्षामा सम्मिलित गराईने छैन ।

**परीक्षा संचालन हुने विषय तथा समूह :-**

मौका परीक्षा (अन्तिम एक पटकको लागि)

- TU पाठ्यक्रम अन्तर्गत संचालित CMA तथा CMA र ANM 2 वर्षे कार्यक्रम वाहेक शैक्षिक सत्र २०७१/०७२ सम्ममा भर्ना भई अनुत्तिर्ण रहेका प्रशिक्षार्थीहरुबाट फाराम भराई अनुत्तिर्ण रहेको विषय खुल्ने प्रमाण सहित अन्तिम एक पटकको लागि मौका परीक्षामा सम्मिलित हुन आवेदन फाराम भरी बुझाउन हुन सम्बन्धित संस्थाहरुलाई जानकारी गराईन्छ ।
- प्रमाण नपुगेका प्रशिक्षार्थीहरुको आवेदन फाराम स्वीकृत गरिने छैन ।

**शर्तहरू :-**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणका साथ रजिष्ट्रेशन नम्बर अनिवार्य रुपमा भरिएको हुनु पर्नेछ ।

२. समष्टिगत फाराममा उल्लेखित सबै विवरण भरी अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ ।

३. प्रशिक्षार्थीहरूले सम्बन्धित शिक्षण संस्था मार्फत तोकेको मिति भित्र आवेदन फाराम बुझाउनु पर्नेछ । साथै कुनै शिक्षण संस्था बन्द गरिएको भए उक्त शिक्षण संस्थाले अख्तियार गरेको शिक्षण संस्था मार्फत परीक्षा आवेदन फाराम बुझाउनु पर्नेछ ।

४. शिक्षण संस्थाहरूबाट विषयगत छुट्टाछुट्टै फाइल खडा गरी छुट्टाछुट्टै रकम बुझाएको रसिद संलग्न गरी परिषद्, परीक्षा नियन्त्रण कार्यालय अन्तर्गतका सम्वन्धित प्रदेश कार्यालयहरुमा परीक्षा फाराम दर्ता गर्नु पर्नेछ ।

५. परीक्षा आवेदन फारामका साथ हालसालै खिचिएको दुई प्रति पासपोर्ट साइजको फोटो समावेश गर्नु पर्नेछ ।

६. प.नि.का ले संचालन गरेको अघिल्लो परीक्षाहरुबाट प्राप्त सम्पूर्ण लब्धांक पत्रको प्रतिलिपी परीक्षा फाराम साथ अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ ।

७. प्रवेश पत्र सम्बन्धित शिक्षण संस्थाले परीक्षा शुरु हुने एक हप्ता अगाडि सम्ममा सम्वन्धित प्रदेश कार्यालयहरुवाट बुझेर लैजानु पर्नेछ । प्रवेश पत्र विना परीक्षामा समावेश गराइने छैन ।

८. प्रयोगात्मक परीक्षा सम्वन्धित शिक्षण संस्थामा नै सञ्चालन हुने भएकोले सो को परीक्षा तालीका सम्वन्धित प्रदेश कार्यालयवाट अनुमोदन गराई संञ्चालन गर्नुपर्ने छ ।

९. उल्लेखित शर्त पूरा नभएका र तोकिएको समयपछि प्राप्त परीक्षा आवेदन फाराम उपर कुनै कार्यवाही गरिने छैन ।

१०. **परीक्षा फाराम बुझाउने स्थान तथा परीक्षा शूल्क जम्मा गर्ने वैकको विवरण :**

प्रदेश नं १ को कार्यालय, ईटहरी, सुनसरीको रा.वा. बैङ्क, इटहरी शाखाको च.हि.नं २५५०००१२७८०१,
प्रदेश नं २ को कार्यालय जनकपुर, धनुषाको रा.वा. बैङ्क, जनकपुर शाखाको च.हि.नं **१५२०००२६३९०१**,
प्रदेश नं ३ को कार्यालय, मकवानपुर, हेटौंडाको रा.वा. बैङ्क हेटौडा शाखाको च.हि.नं १३००००३६६९०१,
गण्डकी प्रदेशको कार्यालय, पोखरा, कास्कीको रा.वा. बैङ्क पार्दी, पोखरा शाखाको च.हि.नं ३५००००००२३४०१,
प्रदेश नं ५ को कार्यालय वुटवलको रा.वा. बैङ्क, वुटवल शाखाको च.हि.नं ३३६००००३६१०१,
कर्णाली प्रदेशको कार्यालय, विरेन्द्रनगर, सुर्खेतको रा.वा.वैक विरेन्द्रनगर, सुर्खेत शाखाको च.हि.न ४०८०००१५५२८०१ र
सूदुरपश्चिम प्रदेशको कार्यालय, धनगढी, कैलालीको रा.वा. बैङ्क, धनगढी शाखाको च.हि.नं ४१७०००६५०८०१

११. अन्य विस्तृत जानकारीको लागि परिषद् अन्तर्गतका प्रदेश कार्यलयहरुमा सम्पर्क राख्नुहोला ।

**नोट : उल्लेखित सूचना CTEVT को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**